# मिति २०६।११।२५ गतेको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय :

**निर्णय नं.१ :** कोरोना भाईरस (कोभिड-१९) को संक्रमण, रोकथामको लागि यस टीकापुर नगर क्षेत्र भित्र अति आवश्यक कार्यक्रम बाहेक अन्य सभा, सम्मेलन, भेलाहरु नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** कोरोना भाईरस (कोभिड-१९) को संक्रमण, रोकथामको लागि यस टीकापुर नगरपालिका वडा नं. ९ स्थित खक्रौला नाकाबाट भारत तर्फ अति आवश्यक काम पर्ने बाहेक अन्य नागरिकलाई सकेसम्म भारत तर्फ जान नहुन भनि सूचना प्रचार प्रसार तथा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** कोरोना भाईरस (कोभिड-१९) शंकास्पद व्यक्तिहरुलाई छुट्टै राखी उपचारको व्यवस्था मिलाउन टीकापुर नगरपालिकामा स्थान छनौट गरी क्वारेन्टाईनको अग्रीम व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.४ :** कोरोना भाईरस रोकथामको लागि आवश्यक पूर्व तयारीका लागि माईकिंग, सचेतना मूलक सूचनाको जिंगल तयार गरी सम्पूर्ण वडा तथा नगर कार्यपालिकाबाट प्रसारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** टीकापुर नगरपालिका वडा नं. ९ स्थित खक्रौला नाकामा स्थापना भएको हेल्थ डेस्कमा कोरोना भाईरस (कोभिड-१९) परीक्षणको लागि थप जनशक्तिको आवश्यक भएकोले हाल मौजुदामा रहेको जनशक्तीबाट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** टीकापुर नगरपालिका वडा नं. ७ स्थित कालाकुण्डामा डुंगा मार्फत मानिसहरु आवत जावत गरी नेपाल भारत गर्ने गरेको सन्दर्भमा उक्त स्थानबाट आवत जावत गर्दा कोरोना भाईरस परीक्षणको लागि हेल्प डेस्कको व्यवस्था नभएकोले आवत जावतमा रोक लगाउन डुंगा संचालनमा रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :** टीकापुर नगर क्षेत्र भित्र माक्स तथा अन्य औषधिको अभाव भएको तथा व्यवसायीहरुले लुकाउने गरेको भन्ने सुनिन आएकोले टीकापुर नगरपालिका क्षेत्रको यथाशिघ्र बजार अनुगमनका लागि बजार अनुगमन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** टीकापुर नगरपालिका अन्तर्गत रहेको विभिन्न खुला नाका सत्ती पुल, दौलतपुर घाट, सनकट्टी घाटबाट समेत आवत जावत भई रहने हुँदा सो खुला नाकामा समेत हेल्थ डेस्क स्थापनाका लागि सामाजिक विकास मन्त्रालय , सुदुरपश्चिम प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** टीकापुर नगरपालिका वडा नं. ९ स्थित खक्रौला नाका हेल्थ डेस्कमा अत्यावश्यक पर्ने सामग्री PPE, F19 Mask लगायत अन्य आवश्यक मात्रामा नभएकोले सोका लागि सामाजिक विकास मन्त्रालय , सुदुरपश्चिम प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** टीकापुर नगरपालिका अन्तर्गत रहेका म.स्वा.स्वं.सेवकहरुलाई परिचालन गरी समुदाय स्तरमा कोरोना भाइरस संक्रमणबाट बच्ने उपायहरु जस्तै : साबुन पानीले हात धुने तरिका लगायत अन्य रोकथामका उपायबारे प्रचार प्रसार गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ११ :** मिति २०७६।११।६ गते साँझ भैंसी चराउन गएका बखत स्थानीयको खरवारीमा लागेको आगोमा परी ७० वर्षीय लाल बहादुर भण्डारीको ज्यान गएकोमा निजको परिवारलाई क्रिया खर्च वापत रु.२५,०००।- (अक्षेरुपी पच्चीस हजार) मात्र तत्काल उपलब्ध गराईएकोले सो रकम अनुमोदन गर्ने निर्णय गरियो ।